


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ५ गते बिहीबार ❑ 18 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पार्टीलाई सुदृढ र बलियो बनाउनुपर्नेमा नेता नेपालको जोड

**रासस**
**काठमाडौं, ४ चैत**

नेकपा (एमाले)का नेता माधवकुमार नेपालले पार्टीलाई सुदृढ र बलियो बनाउने बताएका छन् ।

बुधबारदेखि शुरु भएको एमालेका नेपाल-खनाल पक्षको राष्ट्रिय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले पार्टी सङ्कटमा पुगेकाले बचाउनुपर्ने बताए । उनले पार्टीभित्र देखिएको समस्यालाई पार्टीमै छलफल हुनुपर्ने भन्दै पार्टी एकताका लागि मिलेर अगाडि बढ्न आफूले चाहेकोसमेत स्पष्ट पारे । उनले नेपालको राजनीतिकमा कम्युनिष्ट आन्दोलनको हैसियतलाई जोगाउँदै एमालेलाई बलियो बनाउनुपर्नेमा जोड दिए । नेता नेपालले पूर्वएमालेलाई बलियो र सुदृढ बनाउनका लागि पार्टीको नवौं महाधिवेशनबाट तय गरेको विचारलाई अगाडि बढाउनुपर्ने बताए। उनले राजनीतिक क्रान्ति सम्पन्न गरेकाले अब आर्थिक र सामाजिक क्रान्ति पूरा गर्ने कार्यभारमा पार्टी लाग्नुपर्ने आवश्यक रहेको धारणा राखे ।



नेता नेपालले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई आफूहरुको सहभागिता बिना गरिएको फागनु २८ गतेको केन्द्रीय कमिटीको निर्णय सच्चाउनसमेत माग गरे । 'पार्टी अध्यक्षज्यूले आजको भेला स्थगित गर्न भने, हामीले तपाईंले फागुन २८ गते बसेको केन्द्रीय कमिटीको बैठकले गरेको निर्णयबाट पछि हट्नुहुन्छ भने हामी भेला स्थगित गर्न तयार छौं भनेर भन्यौं, उनले भने, 'तर उहाँले मान्नुभएन, अनि हामीले पनि भेला आयोजना गरेका हौं ।' उनले पार्टी विधि, विधान र पद्धतिमा चल्नुपर्ने भन्दै कार्यकर्तालाई भेदभाव गर्न नहुनेसमेत स्पष्ट पारे । नेता नेपालले कम्युनिष्ट आन्दोलनलाई जोगाउनका लागि कार्यकर्तालाई उत्साह र ऊर्जा दिन भेला आयोजना गरिएको बताए। पछिल्लो समयमा सर्वोच्च अदालतले नेकपा (माओवादी केन्द्र)सँगको एकतालाई मान्यता नदिएपछि पार्टी जुन ढङ्गले चल्नुपर्ने त्यो नचलेको उनको भनाइ थियो । उनले अहिले पार्टीभित्र देखिएको विवाद पदको लडाइँ नभई सिद्धान्त, विधि र पार्टी निर्माणसँग जोडिएको धारणा राखे। उनले माओवादी केन्द्रसँगको एकता हुनुपूर्वको अवस्थामा पार्टीको सङ्गठनात्मक संरचना, वैचारिक मान्यता, नेतृत्व र सबै सदस्य यथावत रहनुपर्ने बताए। 'अबदेखि पार्टीलाई विधि, पद्धति तथा क्षमताका आधारमा परिचालन गरिने छ र पार्टीका बैठक कसैका घरमा नबसी पार्टी मुख्यालयमा बस्नुपर्दछ', उनले भने, 'त्यसो गरेमा सिङ्गो पार्टीलाई एकताबद्ध बनाएर लैजान सकिन्छ ।' भेलामा अर्का नेता झलनाथ खनालले पार्टीलाई एकताबद्ध बनाउनुपर्नेमा जोड दिँदै फागुन २८ गते गरिएको निर्णय खारेज हुनुपर्नेमा माग राखे । उनले कम्युनिष्ट आन्दोलनलाई बचाउनका लागि पार्टी एकताबद्ध हुनुको विकल्प नभएको समेत स्पष्ट पारे । उनले पार्टीलाई एकताबद्ध बनाउनका लागि २०७५ जेठ २ गतेको अवस्थामा फर्काउनुपर्नेमा जोड दिए । भेलामा उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले अध्यक्ष ओलीले सबैलाई मिलाएर लैजानुपर्नेमा जोड दिइन। एमालेका प्रचार विभाग प्रमुख योगेश भट्टराईले एकताको प्रस्थानबिन्दु २०७५ जेठ २ गतेको अवस्थामा पार्टीका संरचनालाई फर्काउनु रहेको बताए। उनले यही चैत ७ गते हुने केन्द्रीय कमिटी बैठकमा सहभागी नहुनेसमेत स्पष्ट पारे। उनले कर्णाली प्रदेशमा सरकारको समर्थन आफूहरुको रहेको जानकारी दिए । भेला बिहीबारसम्म चल्ने बताइएको छ । पार्टीमा उत्पन्न विषम परिस्थितिका बारेमा छलफल गरी एकिकृत धारणा तय गर्न र त्यसअनुरुप पार्टी पङ्क्तिलाई देशव्यापीरुपमा परिचालन गरी पार्टीलाई सुदृढ, एकताबद्ध र क्रियाशील बनाउन भेला आयोजना गरिएको नेता विष्णु रिजालले जानकारी दिए । भेलामा सातवटै प्रदेश, जनसम्पर्क कमिटी, जनसङ्गठन तथा पेशागत सङ्गठन र केन्द्रीय निकाय तथा विभाग गरी १० समूह विभाजन गरी

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## एक करोड ६२ लाख ४३ हजार ११० मतदाता कायम

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

पछिल्लो अद्यावधिकबाट मुलुकमा एक करोड ६२ लाख ४३ हजार ११० मतदाता कायम गरिएको छ।

गत माघ १५ गतेदेखि सञ्चालन गरिएको मतदाता नामावली अद्यावधिक तथा मतदानस्थल र मतदान केन्द्र पुनरावलोकन कार्यक्रम सम्पन्न भएसँगै मतदाताको अन्तिम नामावली प्रकाशन गरिएको हो । मुलुकभर १० हजार ६६० मतदानस्थलमा आबद्ध गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिएको निर्वाचन आयोगले जानकारी दिएको छ।

आयोगबाट गत पुस ५ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराएका र सोही मितिसम्ममा १८ वर्ष उमेर पूरा भएका मतदाता नामावली अद्यावधिक गरिएको छ। मतदाता नामावली ऐनमा 'निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन' भन्ने व्यवस्थाअनुसार गत पुस ६ गतेदेखि स्थगन गरिएको थियो । आयोगका अनुसार स्थगन भएको मतदाता नामावली सङ्कलन तथा अद्यावधिकसम्बन्धी कार्य अब बिहीबारदेखि ७७ वटै जिल्ला निर्वाचन कार्यालयबाट मतदाता नामावली सङ्कलन तथा अद्यावधिकसम्बन्धी कार्य सञ्चालन हुनेछ।

## पत्रकार महासंघको निर्वाचन चैत २५ गते

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

नेपाल पत्रकार महासङ्घको निर्वाचन यही चैत २५ गते हुने भएको छ।

महासङ्घका उपलब्ध सदस्य सम्मिलित केन्द्रीय समितिको बुधबारको बैठकले जिल्ला, प्रदेश, केन्द्र, प्रतिष्ठान र एशोसियट संरचनाको निर्वाचन तीन हप्तापछि एकै दिन गर्ने निर्णय गरेको सचिव प्रकाश थापाले जानकारी दिए । महासङ्घको संशोधित विधानानुसार केन्द्रीय साधारणसभा गत फागुन ४ र ५ गते सम्पन्न भइसकेको छ। चैत ७ गते सबै तहको निर्वाचन कार्यतालिका प्रकाशन हुने महासङ्घले जनाएको छ। निर्वाचनको मिति तय भएसँगै पत्रकार कपिल काफ्लेका संयोजकत्वमा गठित निर्वाचन समितिले काम अघि बढाउने जनाइएको छ । समितिका सदस्यमा अधिवक्ता अरुण पौडेल, कपिलचन्द्र पोखरेल, कृष्णमाया भुसाल, हरेन्द्र राई र देवेन्द्र झा तथा सदस्य सचिवमा भक्तिराम घिमिरे रहेका छन् ।

## कास्कीमा सवारी दुर्घटनामा परी एक किशोरको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

कास्कीमा सवारी दुर्घटनामा परी एक किशोरको मृत्यु भएको छ । कास्कीको अन्नपूर्ण गाँउपालिका-५ नयाँपुलमा जिपको ठक्करबाट अन्नपूर्ण गाँउपालिका-६ हाईजुङका किशोर १७ बर्षीय बिश्व नेपालीको उपचारकै क्रममा बुधबार मृत्यु भएको गण्डकी प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

नयाँपुल स्थित पोखरा बाग्लुङ सडक खण्डमा पर्वतबाट पोखरा तर्फ आउँदै गरेको ग १ ज ६९५० नं.को जिप र बिपरित दिशातर्फ जाँदै गरेको ध २ प ११११९ नं.को मोटरसाईकल एक आपसमा ठक्कर खादाँ मोटरसाइकलमा सवार नेपालीको मणिपाल शिक्षण अस्पतालमा उपचारकै क्रममा बुधबार बिहान ८:२५ बजे मृत्यु भएको गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक मोहन प्रसाद पोखरेलले बताए । मोटरसाइकल चालक नयाँपुल डेरा गरी बस्दै आएका स्थायी घर भने तनहुँ भएका १८ बर्षका महमद समिनको मणिपाल शिक्षण अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भईरहेको प्रदेश प्रहरीले जारी गरेको विज्ञेप्तिमा उल्लेख गरिएको छ। उनको अबस्था गम्भिर भएको प्रहरीले उल्लेख गरेको छ।

## कांग्रेसद्वारा प्रतिनिधिसभामा तीन प्रस्ताव दर्ता

**रासस**
**काठमाडौं, ४ चैत**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रतिनिधिसभामा तीन प्रस्ताव दर्ता गराएको छ । कांग्रेस सांसदले मंगलबार सङ्घीय संसद् सचिवालयमा दुई जरुरी सार्वजनिक महत्वका र एक सङ्कल्प प्रस्ताव दर्ता गराएका हुन् ।

महिला तथा बालवालिकामाथि भएका हिंसा न्यूनीकरण गर्न जरुरी सार्वजनिक महत्वका विषयमा गृहमन्त्रीको ध्यानाकर्षण गराउन प्रस्ताव दर्ता गराइएको छ। सरकारलाई महिलामाथिको हिंसा सम्बोधन गर्न न्यूनीकरण गर्न सदनले सरकारलाई मार्गनिर्देशन गर्न अपरिहार्य भएको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मर्दी हिमाल पदयात्रा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवं ट्रेकिङ इक्विपमेन्ट सप एशोसिएशन (टेसा) पोखराको आयोजनामा चैत १ गतेदेखि जारी मर्दी हिमाल पदयात्रा तथा पदयात्रा सामग्रीको प्रयोग तथा चिनारी विषयक पदयात्रा बुधबार सम्पन्न भएको छ।

पछिल्ला वर्षमा पदयात्रा पर्यटनमा आकर्षक गन्तव्यका रुपमा परिचित मर्दी पदयात्रा मार्गमा पर्यटनसम्बद्ध व्यवसायी, नेपाल पर्यटन बोर्डका प्रतिनिधि र सञ्चारकर्मीसहितको ३० सदस्यीय टोलीले उक्त क्षेत्रको प्रवर्द्धनात्मक भ्रमण गरेको हो।

मर्दी हिमाल पदयात्राको गन्तव्यस्थलमध्येको माछापुच्छ्रे गाउँपालिकाको सिदिङमा बुधबारपदयात्राको समापन कार्यक्रममा वक्ताले पर्यटकीय नगरी पोखराबाट अत्यन्त नजिक रहेको यस पदयात्रा मार्गको आफ्नै विशिष्टता भएको बताउँदै यसको संरक्षण, प्रवर्द्धन र विकासमा सरोकारवाला सबैको साथ र सहयोग आवश्यक हुने बताए। गण्डकी प्रदेश आन्तरिक पर्यटन पुनरुत्थान समितिका संयोजक अग्निप्रसाद कँडेलले पोखराबाट छोटो समयमा हिमालमा पुग्न सकिने मर्दी पदयात्रा मार्गको आफ्नै विशिष्ट महत्व रहेको बताए । यस पदमार्गको दिगो विकास आवश्यक रहेको बताउँदै उहाँले यसका लागि सम्बद्ध सबैको साथ र सहयोग आवश्यक हुनेमा जोड दिए। टेसा पोखराका अध्यक्ष नारायण सापकोटाले पदयात्रामा प्रयोग गरिने सामग्रीको परिचयात्मक प्रयोग सम्बन्धमा पनि पदयात्रा उपयोगी बनेको बताउँदै यस क्रममा यस क्षेत्रको भ्यु प्वाइन्टदेखि हाइक्याम्प, बादलडाँडा, लो क्याम्प हुँदै सिदिङसम्म सरसफाइसमेत गरिएको जानकारी दिए। नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटाले यसको निरन्तर प्रवर्द्धन आवश्यक भएकामा जोड दिए । मर्दी हिमाल पदयात्रा मार्गको फोरेष्ट क्याम्पमाथि बस्ती नरहेका कारण यसलाई उत्कृष्ट पदमार्गका रुपमा बढाउन सकिने उनले बताए । नेपाल पर्वतारोहण

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## दलहरुको आआफ्नै अडान

**रासस**
**काठमाडौं, ४ चैत**

विभिन्न राजनीतिक दलका नेताले नयाँ सरकार बनाउनेबारे आआफ्नो अडान दोऱ्याएका छन्।

यहाँ बुधबार आयोजित साक्षात्कारमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता रमेश लेखकले परिस्थिति सही र सुनिश्चित भयो भने आफ्नो पार्टीले सरकारको नेतृत्व लिने स्पष्ट पारे। अहिले कांग्रेसले सरकार बनाउन पहल गर्नुपर्ने र सरकारमा कांग्रेस जानै हुँदैन भन्ने दुईथरी धारणा रहेको उनको भनाइ छ । नेकपा (एमाले) का नेता खगराज अधिकारीले प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारलाई समर्थन गर्न आग्रह गरे। उनले सर्वोच्च अदालतको फैसलाअनुसार नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) अलगअलग भएपछि आफूहरु एमालेलाई सुदृढ बनाउने काममा लागेको बताए । नेकपा (माओवादी केन्द्र) का नेता तथा राष्ट्रियसभाका संसदीय दलका नेता दीनानाथ शर्माले नयाँ प्रधानमन्त्रीको उम्मेद्वार अघि नसरेसम्म आफ्नो पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता नलिने स्पष्ट पारे । उनले आफूहरुले सरकारलाई दिएको समर्थन फिर्ता लिएर मात्रै समस्याको समाधान फिर्ता नहुने जिकिर गरे।

नागरिक समाजका अगुवा डा सुन्दरमणि दिक्षितले अहिलेको परिस्थितिमा प्रधानमन्त्रीका लागि सबैभन्दा उत्तम पात्र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर हुने बताए। दलका नेताको भै-झगडामा कारण देश समस्यामा परेको उनको भनाइ छ।

## मुख्यमन्त्री शाहीलाई दिइएको समर्थन फिर्ता लिने एमालेको निर्णय

**रासस**
**काठमाडौं, ४ चैत**

नेकपा(एमाले) कर्णाली प्रदेशसभा संसदीय दलले मुख्यमन्त्री महेन्द्रबहादुर शाही नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको छ।

सर्वोच्च अदालतले एमाले र माओवादी केन्द्र पुनःस्थापना गरेपछि पहिलो पटक बसेको दलको बैठकले माओवादी केन्द्र संसदीय दलका नेता शाहीलाई मुख्यमन्त्रीका रूपमा समर्थन गर्ने निर्णय फिर्ता लिएको हो।

नेपाल कम्युनिष्ट पार्टी(नेकपा) एकताअघि तत्कालीन एमालेले २०७४ फागुन ३ गते माओवादी केन्द्रका नेता शाहीलाई मुख्यमन्त्रीमा समर्थन गरेको थियो । दलका नेता यामलाल कँडेलका अध्यक्षतामा बसेको बैठकले बिहीबारदेखि लागू हुने गरी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता गर्ने निर्णय गरेको हो । बैठकपछि आयोजित पत्रकार सम्मेलनमा दलका नेता कँडेलले बुधबारको बैठकमा अनुपस्थित हुने दलका नौ सदस्यलाई लिखित स्पष्टीकरण सोध्ने निर्णय गरिएको जानकारी दिनुभयो । प्रदेशसभामा सभामुखसहित एमालेका २० सदस्य छन्।

बैठकले सरकारमा रहेका आफ्ना तीन मन्त्रीलाई पनि फिर्ता हुन निर्देशन दिएको छ। प्रदेश सरकारमा एमालेका तर्फबाट आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला, सामाजिक विकासमन्त्री दल रावल र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नन्दसिं बुढा रहेका छन् । बैठकले दलको कार्यालय व्यवस्थापनका लागि प्रदेशसभा सचिवालयलाई आग्रह गर्ने निर्णय गरेको छ। प्रमुख सचेतक गुलाबजङ्ग शाहले दलको बैठकका निर्णयबारे सभामुख राजबहादुर शाही र प्रदेश प्रमुख गोविन्दप्रसाद कलौनीलाई औपचारिक जानकारी गराइसकिएको बताए । कर्णाली प्रदेशसभामा माओवादी केन्द्रका १३, कांग्रेसका छ र राप्रपाका एक सदस्य छन्।



# होटल संघ र इसेवा फोनपे विच सहकार्यको सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

पश्चिमाञ्चल होटल संघ पोखरा र इसेवा फोन पे प्रालि विच क्यू आर कोड प्रबर्द्धन र डिजिटल पार्टनरसिपका लागि बुधबार सम्झौता भएको छ।

पोखराको लेकसाइडमा आयोजित एक औपचारिक समारोहमा संघका अध्यक्ष विकल तुलाचन र फोनपेका प्रमुख रणनीतिक अधिकृत रोशन लामिछानेले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। सम्झौता अनुसार संघ र यस अन्तर्गतका सदस्य होटलहरुले फोनपेद्वारा संचालनमा ल्याइएको क्यूआर कोड सम्बन्धी भुक्तानी प्रणालीलाई प्रयोग र प्रोत्साहन गर्ने छन् भने फोनपेले इसेवा लगायत उसका अन्य कम्पनी मार्फत् पोखराको पर्यटन प्रबर्द्धनमा सघाउने छन्। कार्यक्रममा बोल्दै संघका अध्यक्ष विकल तुलाचनले



प्रविधिलाई अँगालेर अगाडि बढ्न सके छिटो, छरितो र पारदर्शी भुक्तानीमा बल पुग्ने भनाई राखे।

डिजिटल मुभमेण्टलाई अगाडि बढाउने विषयमा संघ प्रतिवद्ध रहेको भन्दै अध्यक्ष तुलाचनले क्यू आर कोडलाई बढी भन्दा बढी प्रयोग गर्न र आफ्ना ग्राहकलाई समेत त्यसका लागि प्रोत्साहन गर्न व्यवसायीसँग आग्रह गरे। फोनपेका प्रमुख रणनीतिक अधिकृत रोशन लामिछानेले इसेवा, फोनपे, डिजिटल भुक्तानी र क्यूआर कोडको प्रयोग, महत्व तथा फाइदाका बारेमा कार्यक्रममा बताएका थिए। संघले संचालन गरेको जाउँ है पोखरा अभियानलाई थप अगाडि बढाउन र पोखरालाई डिजिटल विषयमा अगाडि बढाउन आफ्नो कम्पनी र समूहका तर्फबाट सहयोग रहने उनले सो अवसरमा बताए।

नेपाल राष्ट्र बैंक पोखरा प्रादेशिक कार्यालयका प्रमुख इश्वरीप्रसाद भट्टराईले जनताको तल्लो तहसम्म क्यूआर कोडजस्ता प्रविधिलाई पुऱ्याइनु पर्ने र यसका लागि राष्ट्र बैंकले समेत प्रोत्साहन गरिरहेको बताए।

सस्तो, शुलभ र निशुल्क इन्टरनेट जस्ता विषयले मात्र डिजिटल भुक्तानीलाई बढवा दिन सकिने उनले बताए। राष्ट्र बैंकले यस्तो भुक्तानीलाई प्रोत्साहन गर्दै आएको पनि उनले बताए।

होटल संघ नेपालका केन्द्रिय सदस्य एवं पश्चिमाञ्चल होटल संघ पोखराका निवर्तमान अध्यक्ष भरतराज पराजुलीले पर्यटन प्रबर्द्धन र डिजिटल प्रणालीको विकास र महत्वका बारेमा भनाई राखेका थिए। कार्यक्रममा सक्षम एक्सेस टु फाइनान्सका प्रवीणराज पन्त, फोन पे समूहका चिफ अपरेटिङ अफिसर शिशिर पछाइ र संघका महासचिव गणेशराज पहारीले पनि भनाई राखेका थिए।



फेवाताल क्षेत्रको स्थलगत अवलोकन : फेवाताल चारकिल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समितिका संयोजक पुण्य पौडेल, पोखरा महानगर प्रमुख मानबहादुर जिसीलगायत टोलीले बुधबार फेवाताल क्षेत्रको स्थलगत अवलोकनका क्रममा स्थानीय खपौदीबाट फेवातालको सिमाना देखाउँदै। तस्वीरः जमुनावर्षा शर्मा

# चैत २० र २१ गते पोखरामा रेस्लिङ च्याम्पियनसिप हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

नेपाल रिङ रेस्लिङ संघको आयोजनामा यही चैत्र २० र २१ गते पोखरामा दोश्रो रिङ रेस्लिङ च्याम्पियनसिप हुने भएको छ।

रेस्लिङ खेलको विकास गराउने उद्धेश्यले पोखरा रंगशालाको बहुउद्देश्यीय कभर्डहलमा उत्त प्रतियोगिता हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनाम जानकारी गराइएको हो।

प्रतियोगितामा प्रथम हुने खेलाडीलाई १ लाख नगद सहित च्याम्पियन बेल्ट र दोश्रो हुनेले नगद ५० हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएका छन। प्रतियोगितामा ४ महिला सहित २४ जना व्यवसायीक रेस्लरहरु बिच प्रतियोगिता हुने भएको नेपाल रिङ रेस्लिङ संघकी महासचिव सुवर्ण श्रेष्ठले बताइन्। उनका अनुसार १४ जिल्लाका २२ वर्ष उमेर समुहदेखि ३८ वर्षसम्मका खेलाडीहरु प्रतियोगितामा सहभागि हुने भएका छन्।

प्रतियोगितामा देशकै चर्चीत रेस्लर नुवाकोटे टाइगर, थागु, द यूव, डेभिड, साइन, टुप्पी ग्याङ, एक्स हिरो, सोफी, दिलाशा, चट्टान, लेडी एञ्जल, किङ रोवर्ट, तन्नु, सिजे, यूविएल, एससी, हुम्ली फाइटर, योगी, जोनलगायतका खेलाडीहरु सहभागि हुने भएको महासचिव श्रेष्ठले बताइन्। प्रतियोगितामा तीन वटा तौल समुहमा प्रतिष्पर्धा हुने भएको छ। गत बर्ष नै उत्त प्रतियोगिता आयोजना गर्ने तयारी गरे पनि कोभिडका कारण स्थगित भएकोलेयस बर्ष हुने प्रतियोगितामा अन्तर्राष्ट्रिय खेलाडीको सहभागिता गराउन कठिन भएको महासचिव श्रेष्ठले बताइन्। रेस्लिङ प्रतियोगिता अवलोकनको लागि प्रवेश शुल्क १ सय र २ सय रुपैया निर्धारण गरिएको महासचिव श्रेष्ठले जनाइन्। उनले नेपालमा रिङरेस्लिङखेलको विकास तथा विस्तारका लागि खेलाडी उत्पादनसँगै निरन्तर तालिमको व्यवस्था गर्न उत्त प्रतियोगिता गर्न लागिएको उनले जनाइन्। प्रदिप पाण्डे, विकास खड्का र शिसम मैनी रेफ्रिको भूमिकामा देख्न पाइने भएको छ। त्यस्तै प्रतियोगितामा करिब २९ लाख खर्च हुने आयोजकले जनाएको छ। उत्त अवसरमा दर्शकलाई थप मनोरञ्जन दिन नेपालका हाँस्य कलाकार सन्दिप क्षेत्रीको विशेष प्रस्तुती रहने भएको छ। कार्यक्रममा बोल्दै राखेप सदस्य राजेश गुरुङले पोखरामा आगामी बर्ष हुने नवौं राष्ट्रिय खेलकुदलाई थप प्रबर्द्धन गर्न यस्ता प्रतियोगिता निरन्तर हुन आवश्यक भएको बताए।

हालै नियुत्त भएका गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेज बहादुर गुरुङले यस्ता प्रकारका प्रतियोगिताले पोखरालाई खेलकुदको राजधानिको शहरको रुपमा विकास गराउन मद्धत पुग्ने विश्वास व्यत्त गरे। राष्ट्रिय स्तरका प्रतियोगिता गण्डकी र गण्डकी प्रदेशको राजधानि पोखरामा हुँदा आफुहरुले समेत सहयोग गर्ने उनले जनाए।

# सफल मिडिया हाउसका अध्यक्ष हुमागाईंलाई पितृशोक

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

सफल मिडिया हाउस प्रालिका अध्यक्ष तथा सफल आवाज डटकमका प्रकाशक दुर्गाप्रसाद हुमागाईंलाई पितृशोक परेको छ।

उनका पिता इन्द्रप्रसाद हुमागाईंको ७७ वर्षको उमेरमा आफ्नै निवास काभ्रेको पनौती नगरपालिका-२, कुशादेवीमा मंगलबार साँझ करिब ६ बजेतिर निधन भएको हो। केही वर्षयता नसा तथा उच्च रक्तचाप रोगबाट पीडित स्व. इन्द्रप्रसाद समाजसेवीका रुपमा चिनिन्छन्। उनको मंगलबार नै त्रिवेणीघाटमा अन्त्येष्टि गरिएको परिवारजनले जनाएको छ। स्व. इन्द्रप्रसाद र चन्द्रमाया हुमागाईं दम्पतीका ४ छोरा र ३ छोरी छन्। परिवारमा कान्छा छोरा दुर्गाप्रसाद हुमागाईं लायन्सका सिनियर लिडर रुपमा चिनिन्छन्।



नेपाल पत्रकार महासंघ कास्कीका साधारण सदस्य, मुनाल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष उनी विभिन्न सामाजिक संघसंस्थामा आबद्ध छन्।

# मृगौला विरामी मिनवहादुरलाइ कार्की परिवारको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

मिन बहादुर बचाउ अभियानमा स्वदेश देखि विदेशमा बस्ने मनका धनीको सहयोग जारी छ।

सकरात्मक सोचका धनी समाजसेवी रामवहादुर कार्की र लक्ष्मी कार्कीको कोखवाट जन्मेका दुइ छोरा र छोरीले आर्थीक सहयोग गरेका छन्। पोखरा महानगरपालिका वडा न १३ स्थित लामोडहर बस्ने कार्की दम्पतीका छोरा छोरीले १ लाख ५३ हजार रकम मिनवहादुर सार्कीलाइ सहयोग गरेका हुन्।

कैलाश टोलमा अस्थायी बसोबास गर्दै आएका ३७ वर्षिय मिने सार्कीको गत चैतवाट मृगौलाले काम गर्न छोडेपछि परिवारलाइ परेको आर्थीक चिन्तालाइ कार्की



परिवारले आर्थीक मलाम लगाएको छ। अमेरिकामा बस्दै आएका कार्कीका जेठो छोरा डा.राजेन्द्र कार्कीको पहलमा एक लाख २३ हजार, कान्छा छोरा सुरेन्द्र कार्कीले अस्ट्रेलियावाट २० हजार एवं छोरी शुसिला कार्की खड्काबाट १० हजार पठाएका थिए। तीन जनाले पठाएको संकलीत रकमको भौचर उनीहरुको असल अभिभावक कार्की दम्पतीले मृगौला विरामी मिन वहादुरालाइ हालै उनकै डेरामा पुगेर वितरण गरे।

## कांग्रेसद्धारा...

जनाउँदै ध्यानाकर्षण प्रस्ताव पेश गरिएको हो। गृह मन्त्रालयसँग सम्बन्धित उक्त प्रस्ताव कांग्रेस सांसद डा डिला सङ्ग्रौला, लक्ष्मी परियार र प्रमिला राईले दर्ता गराएका हुन्। यसैगरी कोभिड-१९ ले वैदेशिक रोजगारीमा पारेको प्रभाव सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित जरुरी सार्वजनिक महत्वको अर्को विषयमाथि छलफल गर्न पनि सूचना दर्ता गरिएको छ। सो प्रस्तावमा कोभिड-१९ बाट सिर्जित समस्याले वैदेशिक रोजगारीमा कतिले ज्यान र रोजगारी गुमाए तथा कति स्वदेश फर्किए भन्ने विस्तृत तथ्याङ्क सरकारसँग माग गर्न छलफल गर्नुपर्ने कारण देखाइएको छ। यसैगरी कोभिड-१९ बाट मृत्यु भएकाका परिवार तथा रोजगारी गुमाएका व्यक्तिलाई सरकारका तर्फबाट केकस्तो राहत र सहयोग भएको भन्ने जानकारी माग गर्न, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन सरकारको योजना के छ भन्नेलगायत विषयमा छलफल गर्नुपर्ने प्रस्तावमा माग गरिएको छ। उक्त प्रस्ताव कांग्रेसबाट निर्वाचित सांसद डा सङ्ग्रौला, देवप्रसाद तिमिल्सिना र रङ्गमती शाहीले दर्ता गराएका हुन्। यसैगरी कांग्रेसकै सांसद डा संग्रौला, हीरा गुरुङ र नमिताकुमारी चौधरीले महिला हिंसा नियन्त्रणका लागि विभिन्न व्यवस्था गर्नुपर्ने माग गर्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित सङ्कल्प पेश गर्ने अनुमतिका लागि सूचना दिएका छन्।

प्रस्तावमा हिंसापीडितलाई सेवा दिनका लागि सहायता कक्ष स्थापना गर्न, पीडितमाथि कुनै किसिमको दवाव वा यातना नदिनका लागि कम्तीमा एकपटक पीडितका घरमा प्रहरीलाई निरीक्षण गर्न लगाउन, पीडितलाई संरक्षण गर्न घुम्ती मोबाइल टोलीको व्यवस्था प्रभावकारी बनाउन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रहरीसमेतको समन्वयमा पीडितलाई घाउ जाँच र स्वास्थ्योपचारको व्यवस्था गर्न माग गरिएको छ।

## मर्दी...

सङ्घ गण्डकी प्रदेशका सचिव एवं ट्रेकेस प्याराडाइज मर्दी हाइक्याम्पका सञ्चालक सुदीप गौतमले मर्दी पदयात्रा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको बताउँदै यसको दिगो विकासका साथै वातावरणीय सुन्दरतालाई जोगाउनु आवश्यक भएको बताए।

माछापुच्छ्रे गाउँपालिका वडा नं ९ का वडाध्यक्ष दुर्गाबहादुर क्षेत्रीले कोरोना कहरका समयमा पनि सुरक्षा मापदण्ड कायम गर्दै मर्दी पदयात्रा सञ्चालन गरिएको बताउँदै यसको संरक्षण र विकासलाई आफूहरूले उच्च प्राथमिकतामा राखेको बताए।

## पार्टीलाई...

छलफल गरिएको छ। ती समूहबाट आएका सुझावलाई आधारमानी अवधारणापत्र सार्वजनिक गरिने छ।

सहभागीको समूह विभाजन तथा छलफलमा सहजीकरण गर्नका लागि प्रदेश नं १ मा भीमप्रसाद आचार्य, प्रदेश नं २ मा घनश्याम भुसाल, वाग्मती प्रदेशमा अष्टलक्ष्मी शाक्य, गण्डकी प्रदेशमा गोकर्ण विष्ट, लुम्बिनी प्रदेशमा युवराज ज्ञवाली, कर्णाली प्रदेशमा योगेश भट्टराई, सुदूरपश्चिम प्रदेशमा भीमबहादुर रावल, सम्पर्क कमिटीमा वेदुराम भुसाल, जनसङ्गठन तथा पेशागतमा रघुजी पन्त र केन्द्रीय निकाय तथा विभागमा अमृतकुमार बोहरालाई जिम्मेवारी दिइएको छ।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# फेरि कर्णालीमा किचलो

प्रतिनिधि सभा विघटनको सिफारिस कार्यान्वयन गरेकोमा चर्को विरोध खेपेकी राष्ट्रपति विद्या देवी भण्डारीले राजनीतिक दललाई मिलेर जान सुझाव दिएकी छन । प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलहरूलाई राष्ट्रपतिले अहिले देखिएको गतिरोध संवादबाट हटाउन आग्रह गरेकी छन । सर्वोच्च अदालतको फैसलाले ब्युँतिएको प्रतिनिधिसभा पहिलो बैठकबाट सहजरूपमा चल्न सकेको छैन । जस्तो मुद्दा लड्ने देखि सडक आन्दोलनमा भाग लियो उसैले बैठकलाई सहजरूपमा चल्न दिएको छैन । राजनीतिक दलभित्र जस्तो अवस्था छ त्यसले दल भनेका झगडीया देखिएका छन।दलको काम मुद्दा हाल्दै हिड्ने होइन । सत्तारुढ र विपक्षी दलका नेताहरूलाई संविधानको प्रभावकारी कार्यान्वयन र लोकतन्त्रको सुदृढीकरणका लागि राजनीतिक दलहरूबीचको सहकार्यमा जोड दिँदै तीन सुझाव दिएकी छन । संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरुलाई शीतलनिवास बोलाएर राष्ट्रपति भण्डारीले आफ्ना तीन सुझाव दिएकी छन ।

सर्वदलीय बैठकमा राष्ट्रपति भण्डारीले हाम्रो मुलुकको राजनीतिक सौन्दर्य आपसी संवाद, सहकार्य र एकता रहिआएको परिवेशमा संविधानको प्रभावकारी कार्यान्वयन र लोकतन्त्रको सुदृढीकरणका लागि राजनीतिक दलहरू बीचको सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिएकीछन । 'हाम्रो समाज शालीन, सभ्य र सहिष्णु रहिआएको छ । नेपालका राजनीतिक नेतृत्वले सधैँ उच्च राजनीतिक संस्कार कायम गर्दै आएको छ । यो असल संस्कार निरन्तर कायम रहनु पर्दछ,' राष्ट्रपति भण्डारीले सर्वदलीय बैठकमा नेपालको अतिक्रमित भू-भाग सामेल गरी गत जेठ महिनामा नयाँ राजनीतिक नक्सा प्रकाशन गर्न दलहरूले प्रदर्शन गरेको अभूतपूर्व राष्ट्रिय एकताका सन्दर्भमा यसैगरी सर्वपक्षीय भेटघाटको आयोजना गरेको स्मरण गर्दै सबै दलका नेताहरूलाई धन्यवाद दिएकी छन । राष्ट्रपतिले कोभिड-१९ को महामारीका कारणमुलुकको अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका क्षेत्रमा परेकोप्रतिकूल प्रभावका बारेमा चर्चा गर्नुका साथै यसको सामना गर्न अग्रमोर्चामा खट्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा राष्ट्रसेवकहरूको योगदानको स्मरण गर्दै सबै राजनीतिक दलका नेता तथा कार्यकर्ताले नेपाल सरकारको अभियानमा पुऱ्याएको योगदानका लागि पनि धन्यवाद दिएकी छन । राष्ट्रपति भण्डारीले शिक्षा, स्वास्थ्य, अर्थतन्त्र, खानेपानी, जलवायु परिवर्तन जस्ता राष्ट्रिय जीवनका विभिन्न क्षेत्रसहित नागरिकका दैनिक समस्या र जनजीविकासम्बन्धी विषयमा आपसी संवाद र छलफललाई निरन्तरता दिन शीर्ष नेताहरूलाई सुझाव दिएर आफ्नो कर्तव्य निर्वाह गरेकी छन । राष्ट्रपतिको सकारात्मक पहल थाल्दा पनि पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, झलनाथ खनाल, डाक्टर बाबुराम भट्टराई अनुपस्थित रहेर पुस ५ गतेका कदमलाई कार्यान्वयन गरेकोमा विरोध जनाएका छन ।

चैत दोस्रो साता बंगलादेशको राजकीय भ्रमण बारे जानकारी गराउने निहुँमा सर्वदलीय बैठक भएको हो । राष्ट्रपति भण्डारीले राष्ट्रपतिबाट त्यहाँका राष्ट्रपिता बंगबन्धु शेखमुजिबुर रहमानको जन्म शतवार्षिकीका अवसरमा बंगलादेशको राजधानी ढाकामा आयोजना हुन लागिरहेको कार्यक्रममा सहभागी हुन मैत्रीपूर्ण निमन्त्रणा प्राप्त भएको र निकट भविष्यमा बंगलादेशको राजकीय भ्रमण गर्न लागेको जानकारी गराएर सबैको सद्भाव लिने काम भएको छाविगतका कदमलाई विवादमा ल्याउने काम गरेर राष्ट्रपति संस्थालाई कमजोर बनाउने काम भएको थियो । सकारात्मक सोचाइ राखेर गरेको पहलकदमीलाई जवर्जस्ती विवादमा ल्याउने काम गर्नु अस्थिरता चाहने र गणतन्त्रको विरोधमा लाग्नेलाई सघाउनु हो । प्रधानमन्त्रीको रिस राष्ट्रपतिलाई फेर्ने काम मात्र हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : कार्यमा सफलता |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारिरीक झमेला |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


**विमा लेख हरायो**

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमा लेख लामाचौरदेखि बागर जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्न( लिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नामः बेलमान श्रेष्ठ
विमा लेख नं. १३००१६३२२
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
फोनः ९८०६५६६१३६

# फुलेन लालीगुराँस, फलेनन् चुत्रो र ऐँसेलु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ चैत**

जलवायु परिवर्तन र मानवीय लापरवाहीका कारण यस वर्ष हिमाली जिल्ला म्याग्दीको मध्य र पश्चिमी क्षेत्रमा प्राकृतिक फूल र फल फुल्न तथा फल्न नपाएपछि वसन्त ऋतुको आभाष हुनसकेको छैन । यी क्षेत्रका जङ्गलमा न लालीगुराँस फुलेको छ न चुत्रो, ऐँसेलुजस्ता यस याममा फल्ने वनफल नै फलेका छन् ।

यतिबेला म्याग्दीका विभिन्न क्षेत्रमा लालीगुराँस फुलेर रमणीयस्थल बन्ने समय हो तर यस वर्ष लालीगुराँस फुल्ने मौसम शुरु भए पनि नफुल्दा न प्रकृति सुन्दर देखिएको छ, न त पर्यटकको चहलपहल नै शुरु भएको छ । जिल्लाका ज्यामरुककोट, भकिम्ली, रत्नेचौर, अर्मन, बरङ्जालगायतका क्षेत्रमा रहेका जङ्गलमा फुलेका गुराँससँग रमाउन र फोटो खिचाउन जाने आन्तरिक तथा बाह्य पर्यटकले चहलपहल बढ्ने गर्दथ्यो ।

फागुन र चैत महिनामा गुराँस फुल्ने समयमा पनि नफुल्दा चहलपहल नभएको हो । धार्मिक तथा पर्यटकीय महत्वसँग जोडिएको ज्यामरुककोट र भकिम्लीको स्वर्गाश्रम क्षेत्रमा यतिबेला लालीगुराँस फुलेर राताम्मै हुने गर्दथ्यो । यी क्षेत्रमा ठूला र सुक्न लागेका लालीगुराँसका बोट भएकाले पनि फुल्न छाडेको स्थानीय बासिन्दाहरूले बताएका छन् ।

भएका बोटहरू सुक्दै जानु र नयाँ बोटबारे चासो नदिनुले पनि लालीगुराँसमा संरक्षणको अभाव खट्किएको ज्यामरुककोटका नारायण्ण शर्माले बताउनुभयो । यो समयमा लालीगुराँस फुलेर राताम्मे बन्ने भकिम्लीको स्वर्गाश्रम क्षेत्र पनि उराठ लाग्दो देखिएको स्वर्गाश्रम विकास समितिका सदस्य रामबहादुर पुनले बताउनुभयो । यस वर्ष हिउँदमा पानी नपरेकाले लालीगुराँस कम फुलेको उहाँको भनाइ छ । यस वर्ष फुलेका लालीगुराँस पनि साना कोपिला रहेको उहाँको कथन छ ।

भौगोलिक उचाइगत विविधताले ठूलो घना जङ्गल रहेको यस क्षेत्रमा ऐँसेलु, चुत्रो, डिम्मर, मजिठो, सतुवा, नागबेलीसहित ६२ प्रजातिका जडीबुटी रहेको वन डिभिजन कार्यालयको तथ्याङ्कमा उल्लेख छ । त्यसैगरी यस वर्ष यही मौसममा फल्ने वनफल पनि फलेका छैनन् । ऐँसेलु, काफल, चुत्रोलगायतका वनफलहरू नफलेको स्थानीयवासीले बताएका छन् । पछिल्लो समय जलवायु परिवर्तनको प्रभावले पनि लालीगुराँसलगायतका अन्य क्षेत्रमा प्रभाव परेको हो ।

# दश वटै स्थानीय तहमा भूमि आयोगको काम शुरु

**पोखरापत्र संवाददाता**
**दमौली, ४ चैत**

दश वटै स्थानीय तहमा भूमिसम्बन्धी समस्या पहिचानका लागि काम शुरु भएको छ ।

ऋषिङ गाउँपालिकामा सोमबार भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीका लागि तथ्याङ्क सङ्कलन कार्यालय उद्घाटन गरिएपछि जिल्लाका दशवटै स्थानीय तहमा भूमिहीन पहिचानका लागि काम शुरु भएको हो । अन्य सबै स्थानीय तहमा यसअगाडि नै तथ्याङ्क सङ्कलन कार्यालय स्थापना गरेर काम भइरहेको छ ।

ऋषिङमा स्थापना भएको कार्यालयको उद्घाटन गर्दै जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले वास्तविक सुकुम्बासीले भूमि पाउनुपर्ने जोड दिँदै अहिलेको आयोगलेत्यस्ताभूमिहीनकोसम्बोधन गर्नेमा आफूहरू विश्वस्त रहेको बताउनुभयो । भूमिसम्बन्धी समस्या समाधान आयोगका केन्द्रीय सदस्य एकबहादुर रानाले वास्तविक भूमिहीनलाई जग्गाको मालिक बनाइने बताउनुभयो । आयोगका जिल्ला अध्यक्ष दधिराज सुवेदीले जिल्लाका सबै पालिकामा भूमिहीन पहिचानका लागि तथ्याङ्क सङ्कलन भइरहेको जानकारी दिनुभयो । ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले गाउँपालिकाका सबै वडामा सङ्कलनकर्ता खटाएर भूमिहीनको विवरण सङ्कलन गरिएको बताउनुभयो । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यस्थित बसोबासीले आफूले बसोबास गरेको वा आवाद कमोत गरेको जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फारम भरी सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स्थानीय तहमार्फत् घरदैलोमा खटिएका लागत सङ्कलक वा सम्बन्धित वडा कार्यालयमा फारम बुझाउनुपर्नेछ ।

जिल्लाको ब्यास र शुक्लागण्डकी नगरपालिकाले भूमिहीनको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिसकेको छ भने अन्य स्थानीय तहमा काम भइरहेको बताइएको छ । ब्यास नगरपालिकामा ६ हजार ८७२ जनाको तथ्याङ्क सङ्कलन भएको छ । नगरपीलकाका १४ वडामा ७३० भूमिहीन दलित, ४९७ भूमिहीन सुकुम्बासी र ६ हजार १४२ अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन भएको लागत सङ्कलक एकाईका प्रमुख बिमल गिरीले जानकारी दिनुभयो । शुक्लागण्डकी नगरपालिकाले चार हजार ४४२ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरेको छ । २७९ भूमिहीन दलित, ३४१ भूमिहीन सुकुम्बासी र तीन हजार ८२२ अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाका १२ वडामा तथ्याङ्क सङ्कलनका लागि २९ जना गणक परिचालन गरिएको थियो । आयोगका अनुसार जिल्लाको ब्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, भानु नगरपालिका, भीमाद नगरपालिका, देवघाट गाउँपालिका, बन्दीपुर गाउँपालिका, म्याग्दे गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, घिरिङ गाउँपालिका र ऋषिङ गाउँपालिकामा भूमिहीन पहिचानका लागि काम भइरहेको छ । जिल्लामा भूमिसम्बन्धी समस्या समाधान आयोगको कार्यालय स्थापना भइसकेको छ । सरकारले आयोगको अध्यक्षमा दधिराज सुवेदी, विज्ञ सदस्यमा दीर्घबहादुर दरै र सदस्यमा शान्ति कुँवरलाई नियुक्त गरेको थियो । आयोगको पदेन सदस्यमा डिभिजन वन कार्यालयका प्रमुख, नापी कार्यालयका प्रमुख, मालपोत कार्यालयका प्रमुख रहने व्यवस्था छ भने आयोगको सदस्य सचिवमा जिल्ला समन्वय अधिकारी रहने व्यवस्था छ । स्थानीय तहले सङ्कलन गरेको विवरण भूमिसम्बन्धी समस्या समाधान आयोगमा पठाइने र जाँचबुझपछि वास्तविक भूमिहीन भएको प्रमाणित भएमा लालपूर्जा वितरण गरिनेछ ।

# निसीखोलाका सबै वडामा सडक

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ चैत**

निसीखोला गाउँपालिकाका सबै वडामा सडक सञ्जाल विस्तार गरिएको छ । स्थानीय सरकार गठन पछिका चार वर्षमा गाउँपालिकाले सबै वडा सडक विस्तार गरेको हो ।

सडक बनेपछि स्थानीयवासीलाई ओहोरदोहोरमा मात्रै होइन स्थानीय वस्तुको बजारीकरणमा सहज भएको छ । पहिले सडक नरहेका वडामा गाउँपालिकाले प्राथमिकताका साथ बजेट विनियोजन गरेको थियो । गाउँपालिकाको पहलमा वितेका चार वर्षमा ८८ किलोमिटर सडक बनेको गाउँपालिका अध्यक्ष तारानाथ पौडेलले बताउनुभयो ।

"मध्यपहाडी लोकमार्गले सबै वडामा छोएको छ, त्यो बाहेक वडा मुकाम र गाउँमा सडक सञ्जाल थिएन", पौडेलले भन्नुभयो, "चार वर्षमा हामीले सडकमा मात्रै ठूलो लगानी गरेर ट्र्याक बनाएका छौं ।" मध्यपहाडी लोकमार्गले सातवटै वडा चिरेको गाउँपालिकाको मुख्य सडक लोकमार्ग नै हो ।

लोकमार्ग बाहेकका सडक गाउँतह जोड्नका लागि थप सहज भएको पौडेलले बताउनुभयो । कालोपत्र भएको लोकमार्गबाट वडा र टोलमा जोडिएका सडकका कारण दैनिकीमा सहज भएको स्थानीयवासी बताउँछन् । निसीखोलामा प्रदेश र सङ्घीय सरकारले बनाएका सडकको भने अभिलेख राखिएको छैन् । नयाँ सडक निर्माणमा ध्यान केन्द्रित गरेको गाउँपालिकाले आफ्नो सक्रियतामा पक्की सडक बनाउने विषयमा भने नसोचेको अध्यक्ष पौडेल बताउनुहुन्छ ।

"बल्ल त सडक सञ्जाल पुऱ्याऔँ, अब स्तरोन्नति र कालोपत्रको विषयमा सोच्छौँ", पौडेलले भन्नुभयो, "कठिन भूगोल भएका गाउँमा कच्ची सडक पुऱ्याउन हाम्रो समय खर्च भयो ।" निसीखोलामा मध्यपहाडीबाहेक भएका सबै सडक कच्ची छन् । डोजर अपरेटरकै भरमा बनाइएका सडक हिउँदमा धुलाम्मे र वर्षात्को समयमा हिलाम्मे हुने गरेका कारण स्थानीयवासी मारमापर्ने गरेका छन् ।

भएका सडकको स्तरोन्नति गरेर बाह्रैमहिना चल्ने बनाउँदा सडकको सदुपयोग राम्रो हुने स्थानीयवासीले बताएका छन् । बागलुङमा साविकका गाउँविकास समितिलाई एकीकृत गरेर बनाएका गाउँपालिकामध्ये निसीखोला दुर्गम गाउँपालिकाको रूपमा परिचित छ । यहाँ स्थानीय सरकारमा जनप्रतिनिधि निर्वाचित भएर आउनु पूर्व वडा मुकाममा समेत सडक सञ्जाल पुगेको थिएन । अहिले कच्ची सडकले निसीखोलाका हरेक वडा जोडेको छ । वडामा पुगेका सडकले बिचमा पर्ने गाउँ टोल र बस्ती जोडिसकेकाले अब भने गाउँपालिकाले सडकको स्तरोन्नतिमा ध्यान दिने जनाएको छ ।

# देवघाटमा नागरिक आरोग्य स्वास्थ्य केन्द्र

**रासस**
**दमौली, ४ चैत**

सर्वसाधारणलाई आयुर्वेद चिकित्साप्रति आकर्षित गर्न तनहुँको देवघाटमा नागरिक आरोग्य स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँले देवघाट गाउँपालिका-५ मा नागरिक आरोग्य केन्द्र सञ्चालनमा ल्याएको हो । आयुर्वेद चिकित्सा तथा यसको महत्वबारे बुझाउनसमेत केन्द्रको महत्वपूर्ण भूमिका रहने जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख डा रामप्रबोध मण्डलले जानकारी दिनुभयो । आरोग्य केन्द्रबाट नागरिकलाई निःशुल्करूपमा आधारभूत सेवा प्रदान गरिनेछ । केन्द्रबाट आयुर्वेद सेवा, औषधि वितरण सेवा, ज्येष्ठ नागरिक आरोग्य सेवा, स्तनपायी कार्यक्रम, पूर्वकर्म, पञ्चकर्म, योग, जीवनशैलीलगायत विषयमा निःशुल्क सेवा प्रदान गरिनेछ ।

जिल्ला आयर्वेद स्वास्थ्य केन्द्र तनहुँका अध्यक्ष देवीबहादुर बस्नेतले आधुनिक चिकित्सा प्रणाली भन्दा आयुर्वेदिक चिकित्सा प्रणाली महत्वपूर्ण रहेको बताउनुभयो।यसक्षेत्रकासर्वसाधारणलाई आयुर्वेद स्वास्थ्य सेवाका लागि अन्यत्र भौतारिन नपरोस् भन्ने उद्देश्यसहित आरोग्य स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको बस्नेतले जानकारी दिनुभयो । "पछिल्लो समय कोरोना महामारीका बेला सर्वसाधारणले आयर्वेदको महत्व बुझे," उहाँले भन्नुभयो, "यसको महत्व सर्वसाधारणलाई बुझाउन थप प्रचारप्रसार गर्छौं ।" आरोग्य केन्द्रको उद्घाटन गर्दै देवघाट गलेश्वर आश्रमका स्वामी १००८ आत्मानन्द गिरिजी महाराजले देवघाटधाम क्षेत्रमा बढी वृद्धवृद्धा बसोबास गर्ने भएकाले पनि आयुर्वेद औषधि पर्याप्त मात्रामा केन्द्रबाट उपलब्ध हुनुपर्ने बताउनुभयो । देवघाट गाउँपालिका अध्यक्ष दुर्गबहादुर थापाले नागरिक आरोग्य सेवा केन्द्रबाट देवघाट गाउँपालिका जनसमुदायका धेरै व्यक्ति लाभान्वित हुने बताउनुभयो ।

# नगर भवन बनाउन निःशुल्क जग्गा

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ चैत**

जैमिनी नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि स्थानीयवासीले निःशुल्क जग्गा दिएका छन् ।

नगरपालिका-१ र २ मा ८ रोपनी चार आना जग्गा स्थानीयवासीले निःशुल्क दिएका हुन् । जैमिनी नगरपालिका वडा नं १ कुश्मीशेरा (साविकको कुश्मीशेरा गाविस वडा नं ३) मा रहेको १८ रोपनी जग्गालाई एकीकृत गरेर १४ जना जग्गा दाताले नगरपालिकाको नाममा पाँच रोपनी जग्गा पास गराएको नगरप्रमुख ईन्द्रराज पौडेलले जानकारी दिनुभयो । बाँकी जग्गामा सडक, खानेपानी र विद्युत् लगायत संरचना निर्माण गरेर जग्गादाताले फिर्ता लिनेछन् । त्यस्तै वडा नं २ (साविकको दमेक गाविस वडा नं २) मा श्रमलाल कँडेलको नाममा रहेको चार रोपनी चार आना जग्गा पनि नगरपालिकालाई निःशुल्क उपलब्ध गराइएको छ । पन्ध्र जनाको नाममा रहेको करोडौं मूल्य बराबरको टुक्रे जमीन एकीकृत गर्दै आठ रोपनी जग्गा नगरपालिकाले पाएको हो । मङ्गलबार नगर प्रमुख, उपप्रमुखको रोहवरमा उक्त जग्गा नगरपालिकाको नाममा नामसारी गरिएको छ ।

कुश्मीशेराका लक्ष्मीप्रसाद सापकोटा, टङ्क सापकोटा, नेत्रप्रसाद शर्मा, कृष्णप्रसाद शर्मा, मनकुमारी पाध्या, योगेश्वर पाध्या, शालिग्राम जैसी, लीलानाथ पौडेल लोकनाथ सापकोटा, गोपाल पाध्या दिनानाथ जैशी, भगिरथी अँखेली, यमप्रसाद शर्मा, देवीप्रसाद सापकोटा र झुपीदेवीको नाममा रहेको जग्गा निःशुल्क उपलब्ध गराउनुभएको जग्गादाता योगेश्वर पाध्याले जानकारी दिनुभयो ।

"हाम्रो नगरको भवन बनाउने काममा हामीले जग्गा भएन भनेर हेरेर बस्न सकेनौं", उहाँले भन्नुभयो, "बाहिर बिक्री गरेको भए कति मूल्यको थियो भन्नुहुन्थ्यो, हामीले सदासहायताले दिएको जग्गाको मूल्य गर्न मिल्दैन् । जग्गा उपलब्ध गराएवापत नगरपालिकाले सम्याउन लाग्ने खर्च व्यहोर्ने भएको छ ।"

टुक्राटुक्रामा रहेको जग्गालाई एकीकृत गरेर पाँच रोपनी नगरको नाममा राखेपछि बाँकी जमीन दाताकै लागि प्लटिङ गरेर दिने पौडेलले बताउनुभयो । जैमिनी नगरको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्न वडा नं १ का अध्यक्ष भूपेन्द्र थापाको संयोजकत्वमा जग्गा व्यवस्थापन समिति बनेको थियो । समितिमा नगरस्तरीय राजनीतिक दलका प्रतिनिधिकोसमेत सहभागिता थियो । जग्गा अभावमा बजेट विनियोजन भएर पनि नगरको भवन बन्न सकेको थिएन । भवन नहुँदा नगरपालिकाको कार्यालय भाडाका घरमा राखिएको छ । घरभाडामा मात्रै मासिक झण्डै एक लाखभन्दा धेरै खर्च हुने गरेको छ । नगरपालिकालाई निःशुल्क उपलव्ध गराएको जग्गा कुश्मीशेरा बजारको मुख्य क्षेत्रमा पर्छ । यहाँको जग्गा प्रतिआना रु चार लाखसम्म कारोवार हुने गरेको छ ।

# घर बनाउँदै बडिगाड

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ चैत**

स्थानीयवासीले जग्गा दिएपछि बडिगाड गाउँपालिकाले भने आफ्नै प्रशासकीय भवन बनाउन थालेको छ ।

स्थानीय बासिन्दा मिलेर उपलब्ध गराएको १० रोपनी जमीनमा गाउँपालिकाले भवन निर्माणको काम थालिसकेको हो । अघिल्लो वर्ष स्थानीयवासीले अस्पताल र क्याम्पस बनाउनका लागि पनि जग्गा निःशुल्क उपलब्ध गराएका छन् । मासिक झण्डै एक लाख भाडा तिरेको यो पालिकाले आफ्नै भवन बनाएपछि उक्त रकम पनि बचत हुने अध्यक्ष मेहरसिंह पाइजाले बताउनुभयो । पालिकाका लागि वडा नं ५ को खार बजारमा भवन बनाउन लागिएको हो । वडा नं १० को गगरे, निगाल पानीलगायत रणसिंकिटेनीको दुर्गम गाउँबाट यहाँ आउन अहिले पनि पाँचदेखि सात घण्टासम्म लाग्छ । प्रशासनिक काममा सदरमुकाम धाएकाले पालिकाबाट नजिकको सेवा पाएको वडा नं १० का अध्यक्ष वीरेन्द्र बुढाले बताउनुभयो ।

केही समय अघिदेखि पालिका भवन बनाउन लागेकै स्थानमा १५ शय्याको अस्पताल पनि निर्माणको थालनी भएको छ । आगामी वर्ष दुवै काम सकेर सेवा सञ्चालन गर्ने लक्ष राखेको पाइजाले बताउनुभयो ।

